# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## वारागुङ मुक्तिक्षेत्र गाउँपालिका
## मुस्ताङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

## मुस्ताङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

## मुस्ताङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको आ.व.२०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(गण्डकी प्रदेश)

प.सं. २०८०।८१

च.नं. ५६

मिति : २०८१।२।११

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

मुस्ताङ ।

१. **कैफियत सहितको राय** - हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रु. १ करोड ६१ लाख ५४ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु. २८ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु असूल गर्नुपर्ने रु. ९ लाख २० हजार, अनियमित भएको रु.८५ लाख ५८ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.६४ लाख २७ हजार र पेश्की रु. २ लाख २२ हजार समेत गरी यस वर्ष रु.१ करोड ६१ लाख २६ हजार बेरुजु कायम रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ५ करोड १८ लाख १७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.६ करोड ७९ लाख ४३ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग

हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानून र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका,
मुस्ताङ जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रिया बाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४९ | ७२ | १६१५४ | ० | १ | २८ | ० | ४९ | ७१ | १६१२६ | ९२० | ८५५८ | ६४२७ | ० | ० | १४९८५ | २२२ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| वारागुङ मुक्तिक्षेत्र गाउँपालिका मुस्ताङ | ५१८१७ | ० | ० | ५१८१७ | ० | १६१२६ | ६७९४३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | | | | |
| १ | ०७९।८० | ५७ | बढी भुक्तानी | २८३१४ |
| **चालु वर्षको जम्मा** | | | | **२८३१४** |
| **गत विगतको जम्मा** | | | | **०** |
| कुल जम्मा | | | | **२८३१४** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल ८८५.७९ वर्ग किलोमिटर तथा जनसंख्या २०३६ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२८ देखि २०८०।५।२९ सम्म रहेको छ

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय

सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको गत वर्षको अ.ल्या तर्फ रु.१२,४०,२४,६६७.७० , संघीय सरकार अनुदानतर्फ रु.१७,६१,७९,६६४, प्रदेश सरकार अनुदानतर्फ रु.१,२६,३५,१२५ , राजश्व बाडँफाडतर्फ रु.३,९४,०५,५१४ , आन्तरिक आयतर्फ रु.२५,१२,९२५.६७ र अन्य आयतर्फ रु.३,८८,८९,४४६.०५ गरी जम्मा रु.३९,३६,४७,३४३.०५ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरू -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरू अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१५,८४५ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | मेडपा बढी भुक्तानी | १५८४५ |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरू**

२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२,०६,१०,३१४ र प्रदेश शिक्षा तथा सामाजिक विकास मन्त्रालयको रु.३३,१८,७५० समेत गरी रु.२,३९,२९,०६४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरण तुलना गर्दा देहायअनुसार गत वर्षको जिम्मेवारीमा रु. ४०,७६,०६५.३, यस वर्षको प्राप्तिमा रु.१५,३५,२८,६३६.१९, यस वर्षको भुक्तानीमा रु. १,१६,११,२१४.०२ र बैङ्क मौज्दातमा रु. १६,९६,६५०.०२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट

गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १२८१००७३३ | १९७७२९२७७.९१ | २७९७३२९८८.०२ | ५७३८४०९८.३९ |
| एकीकृत आर्थिक विवरणअनुसार | १२४०२४६६७.७० | ३५१२५७९१४.१० | २६८१२१७७४ | ५९०८०७४८.५९ |
| फरक | ४०७६०६५.३ | १५३५२८६३६.१९ | ११६११२१४.०२ | १६९६६५०.०२ |

४ **मौज्दात जिम्मेवारीमा फरक** -पालिकाले गत वर्षको मौज्दात यकिन गरी यस आर्थिक वर्षमा यथार्थ जिम्मेवारी सार्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.१२,१५,८५,९९७ मौज्दात रहेकोमा यो वर्ष रु. १२,४०,२४,६६७.७० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २४,३८,६७०.७ बढि जिम्मेवारी सारेको देखिन्छ। बढी जिम्मेवारी सम्बन्धमा यकिन गर्नुपर्दछ ।

बढी जिम्मेवारी सारेको सम्बन्धमा लेखापरीक्षणको क्रममा कार्यालयसँग छलफल हुँदा आर्थिक वर्षको अन्त्यसम्ममा पनि साटन बाँकी चेक रहेको र दाखिला गर्न बाँकी कर दायित्व समेत देखिएको हुँदा पालिकाको यस वर्षको मौज्दात रकम बढी देखिएको भनाई रहेको छ ।

५ **कर दायित्व** - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरूमा कट्टी गरेको कर दायित्व रु.४,४७,९३६.४४ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४७,९३६ |

६ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातबीच देहाय बमोजिम फरक देखिएको छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ५०११८५४०.३९ | ५१८२८८३८.६० | १७१०२९८.२१ |
| विविध खर्च खाता | १६६१४४० | १६६१४४० | ० |
| प्रकोप व्यवस्थापन खाता | ११४७३०९ | ११४७३०९ | ० |
| धरौटी खाता | ४४४३१६१ | ४४६३१६१ | ० |

| | | | |
|---|---|---|---|
| बैङ्कीङ कारोबारमा भिन्नता(संचितकोष खाता र खर्च खाता) | १३६४८ | ० | १३६४८ |
| जम्मा | | | १७,२३,९४६.२१ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

७ **अनुदान फिर्ता** - संघीय एवं प्रादेशिक सरकारको कानून बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण बाहेकको निम्नानुसार अनुदान रकम खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित सञ्चितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । यस गाउँपालिकाले २०८० असार मसान्तमा खर्च नभई बाँकी रहेको देहायानुसारको अनुदान रकम सञ्चितकोषमा दाखिला गरेको छ ।

| क.सं. | अनुदानको किसिम | प्राप्त रकम | खर्च रकम | सञ्चित कोषमा फिर्ता रकम | फिर्ता मिति |
|---|---|---|---|---|---|
| १ | संघीय सशर्त अनुदान चालु | ७९७२४००० | ५७८५५७६५.५६ | २१८६८२३४.४४ | २०८०।३।२५ |
| २. | संघीय सरकार सशर्त र विशेष पुँजीगत अनुदान फिर्ता | २९६५०००० | १८५१४२८.३ | ११११३५७१७ | २०८०।३।२८ |
| जम्मा फिर्ता रकम | | | | ३३००३९५१.४४ | |

८ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको पाइएन।
- पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैङ्क खडा गरेको देखिएन,
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।
- कुनै रकमको भुक्तानी दिँदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आँशिक रूपमा गरेको पाइयो।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ बमोजिम बीस हजार भन्दा बढी मूल्यको खरिद कार्य मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग मात्र खरिद गर्नु पर्नेमा सो गरेको पाइएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

लेखापरीक्षणको क्रममा कार्यालयसँग आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी व्यहोरामा छलफल गर्दा आगामी दिनमा मध्यकालीन तथा दिर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याईने, मध्यकालीन खर्च संरचना तयार गरी लागू गरिने, खरिदको गुरुयोजना तयार गरेर मात्र खरिद कार्य गरिने, आयोजनाको प्राथमिकिकरण गरी आयोजना बैङ्क खडा गरिने, दिगो विकास सँग सम्बन्धित कार्यक्रमहरू तर्जुमा भई लागू भएका छन सो कार्यकम तथा योजनालाई मध्यकालिन लक्ष्य तोकि मूल्याङकन गरिने, बिल वीजक तथा भर्पाइहरूमा कार्यालय प्रमुखबाट छाप तथा दस्तखत अंशिक रूपमा गरिएकोले आगामी दिनमा पूर्ण रूपमा सो व्यवस्थाको पालना गरिने, ठेक्का अभिलेख तथा कन्टिन्जेन्सी खाता व्यवस्थित गरिने, ठेक्का मार्फत सम्पन्न भएका योजनाहरूको गुणस्तर परीक्षण भएको छ र उपभोक्ता समितिमार्फत गर्ने कार्यमा समेत आगामी दिनमा गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाइने, बजेट विनियोजन गरी वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गर्ने, कोटेशन तथा ठेक्काबाट खरिद भएका ठूला रकममा अनिवार्य रूपमा कर वीजक प्रयोग भएको र आगामी दिनमा सबै कारोबारमा कर वीजक प्रयोग गरिने लगायतका जवाफ प्राप्त भएको छ ।

९ **प्रशासनिक संगठन र जनशक्ति व्यवस्थापन** - सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३० पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ दरबन्दी बमोजिमको पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

१० **सेवा प्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले सेवा प्रवाह गर्नुपर्दछ ।यस वर्ष पालिकाबाट निम्न बमोजिम सेवा प्रवाह भएको विवरण पेश भएको छ । पालिकाले स्थानीय सरकार सञ्चालन ऐन तथा पालिकाबाट निर्मित ऐन, कानून बमोजिम सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै लैजानु पर्दछ ।

| क्र.सं. | विवरण सेवा प्राप्तिका लागि | सिफारिस संख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिस | ६२ |
| २ | घरबाटो सिफारिस | ११० |
| ३ | नाता प्रमाणित | ७९ |
| ४ | जन्म, मृत्यु दर्ता | ११५ |
| ५ | अन्य...... | ८८६ |

११ **वडा सचिबको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । दरबन्दी अनुसारको पदहरू रिक्त हुदा प्राविधिक तथा अन्य विषयगत जनशक्तीद्धारा दोहोरो जिम्मेवारी निर्वाह गरी सेवा प्रवाह गरेको विद्यमान अवस्था देखिन्छ। रिक्त पदहरूको पूर्ति गर्नु पर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ५ | ५ | १ | ४ |

१२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता

कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुख श्री ढिकी गुरुङले मिति २०७९।३।१० मा रु.३६ करोड २० लाख २३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१४ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

रकम (रु. हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १३७३६४ | ५०२५७ | १०३९५ | १०७८५ | ६५९२७ | ६१९३६ |
| प्रतिशत | | ३६.५८ | ७.५६ | ७.८५ | ४७.९९ | ४५.०८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१३,७३,६४,००० कुल खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ५,०२,५७,००० (३६.५८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१,०३,९५,००० (७.५६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१,०७,८५,००० (७.८५ प्रतिशत) खर्च र चौंथो त्रैमासिकमा रु.६,५९,२७,००० (४७.९९ प्रतिशत) खर्च गरेको देखिएको छ । त्यस्तै आषाढ महिनामा मात्र रु.६,१९,३६,००० (४५.०८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१५ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण , भाषिक र सांस्कृतिक विकास जस्ता आयोजना प्राथमिकीकरणका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ८७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ४३ | १२ | २० | ११ |
| २. | वडास्तरीय | ४४ | २ | २४ | १८ |

उपर्युक्त विवरण अनुसार कुल ८७ योजनामध्ये रु २० लाखभन्दा कमका योजना संख्या ७३ (कुल योजनाको ८४%) रहेको देखिन्छ।उक्त योजनामध्ये अधिकांश योजनाहरू गुम्बा विद्यालयलाई खाद्यान्न सामग्री खरिद, फाइवर सिरक वितरण, समाजघर मर्मत, सामुदायिक घर निर्माण, मोनाष्ट्री फउन्डेसनलाई अनुदान, महिला तथा समूहलाई सोलार र फर्निचर वितरण, गुम्बा डाइनिङहल निर्माण लगायतका साना, टुक्रे र साना योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा संचालित योजनाबाट दिर्घकालीन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भई लागत प्रभावी नहुने देखिन्छ ।तसर्थ पालिकाले वस्तुनिष्ठ तवरले योजना प्राथमिकिकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत विषयमा समानुपातिक रूपमा बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक बजेट (रु.) | खर्च रकम (रु.) | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४८५३५७११ | ३५०१२४६९ | १३.०५% |
| सामाजिक विकास | १०,१२,२२,६४० | ७,६४,२३,९७८ | २८.५०% |
| पूर्वाधार विकास | १२,०७,८३,९४९ | ८,७९,८८,२२८ | ३२.८३% |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,४५,०१,२२५ | १,३३,२६,९१० | ४.९७% |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ७,६९,७९,७८८ | ५,५३,७०,१८७ | २०.६५% |
| जम्मा | ३६,२०,२३,३१३ | २६,८१,२१,७७३ | १००% |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ३२.८३ प्रतिशत र सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ४.९७ प्रतिशत खर्च भएको देखिन्छ। पालिकाले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत विषयमा बजेट विनियोजन तथा खर्च गर्दा समानुपातिक रूपमा गर्नुपर्दछ।

१७ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकी विद्यालय भवन निर्माण, समाजघर निर्माण, खेलमैदान निर्माण, प्रशासकिय भवन कम्पाउण्ड वाल निर्माण, इलेक्ट्रिकल सामग्री तथा फर्निचर खरिद लगायतका ६२ वटा योजनाको विवरण सभाबाट पास गरी दायित्व सारेको छ । म.ले.प.फा.नं. २२१ प्रमाणित गरेर मात्र सभाबाट पास गरि यो वर्षको वजेटमा समावेश गर्नुपर्नेमा म.ले.प.फा.नं. २२१ प्रमाणित वेगर उपरोक्त योजनाहरू सभाबाट पास गरी रु.४,९२,४५६१३ भुक्तानी दिएको छ । उपरोक्त विषय सम्बन्धमा लेखापरीक्षणको क्रममा छलफल हुँदा अधिकाश योजनाहरू चौथो त्रैमासिकमा सम्झौता तथा सम्पन्न भई आषाढ मसान्तमा भुक्तानी दायित्व सृजना भएको अवस्था रहेको र सो समयमा स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) मा समेत समस्या देखिएको हुँदा भुक्तानी दिन नसकि दायित्व जिम्मेवारी सार्नुपरेको पालिकाको भनाई रहेको छ ।

१८ **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १७.३ देखि २५.९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान (मु.अ.क र पि. एस. सहित) | सम्झौता रकम (मु.अ.क र पि. एस. सहित) | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | For the Procurement of Office Building Construction Works BMRM | ०१/BMRM/NCB/W/०७५-७६ | Shree Geeta/Shree Creative Joint Venture, Syangja | ४७१८७८८२.६८ | ३९००९१३८ | १७.३ % |
| २ | Lupra School Building Construction Works | ०१/VMRM/NCB/W/०७८/७९ | Hari/ C.M. J.V., Lete,Mustang | २०८००००० | १५६९८८९४.७२ | २४.५ % |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | Procurement for the construction of Ward Office Building of Ward No. ५ | ०६/VMRM/NCB/WORKS/२०७९/८० | Khinga Construction Pvt. Ltd. | ४९९८८००.४३ | ४११५०१९.३८ | १७.७ % |
| ४ | Procurement for the Construction of Jananarmal School Hostel Building | ०७/VMRM/NCB/WORKS/२०७९/८० | Yes and Yes Construction Pvt. Ltd. | ४९९८९४१.०५ | ३८०९३००.१३ | २३.८ % |
| ५ | Procurement for the Construction of Jananarmal School Building | ०८/VMRM/NCB/WORKS/२०७९/८० | Yes and Yes Construction Pvt. Ltd. | ५४९७८९९.२४ | ४३२८९८०.२८ | २१.३ % |
| ६ | Procurement for the Construction of Ghyatang Thanga Irrigation Project | ०९/VMRM/NCB/WORKS/२०७९/८० | AME PAL Construction Pvt. Ltd. | ९९९९९९४.००० | ७४३८३१२.४५ | २५.६ % |
| ७ | Procurement for Sewage Construction at Kagbeni | १०/VMRM/NCB/WORKS/२०७९/८० | AME PAL Construction Pvt. Ltd. | ६५००००० | ४८१३९४२.०१ | २५.९ % |
| ८ | Procurement for the Construction and Conservation of Kagbeni, Jhong, Khinga & Jharkot Irrigation Canal, | ११/VMRM/NCB/WORKS/२०७९/८० | Guru Sangbo Construction Pvt. Ltd. | ७०००००० | ५२०२००२.८७ | २५.७ % |
| ९ | Construction of Compound Wall & Gate at Administration building of RM | १२/VMRM/NCB/WORKS/२०७९/८० | AME PAL Construction Pvt. Ltd. | ३०००००० | २२८६८७३.५२ | २३.८ % |

१९ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२० **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३१,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२५,१२,९२५.६८ अर्थात अनुमान भन्दा १८.९४ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च (रु.) | आन्तरिक आय (रु.) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७,१३,५४,७८९.०० | २५१२९२५.६७ | ३.५२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.५२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२२ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | २००००० | ३५७५७९.२६ | १७८.७८ |
| घरजग्गा वहाल कर | १००००० | २९५१५२.५४ | २९५.१५ |
| सवारी साधन कर | ५०००० | ० | ० |
| भूमिकर।मालपोत | १००००० | ६४६७६२.८७ | ६४६.७६ |
| मनोरंजन कर | ५०००० | ० | ० |
| व्यवसायले भुक्तानी गर्ने | ३००००० | ० | ० |
| कृषिजन्य र पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | १७५००० | १६८२५० | ९६.१४ |
| अन्य कर | १५०००० | ४९००० | ३२.६६ |

| | | | |
|---|---|---|---|
| कृषि उत्पादन बिक्री बाट प्राप्त रकम | २००००० | ० | ० |
| प्रशासनिक सेवा शुल्क | १५०००० | ५६७४२० | ३७८.२८ |
| पार्किङ्ग शुल्क | ५७०००० | २५२००० | ४४.२१ |
| अन्य दस्तुर | ५००००० | ९४२६१ | १८.८५ |
| न्यायीक दण्ड र जरिवाना | ५००० | ० | ० |
| प्रशासनिक दण्ड र जरिवाना जफत | ५०००० | १००० | २ |
| व्यवसाय कर | ५००००० | ८१५०० | १६.३ |
| जम्मा | ३१००००० | २५१२९२५.६ | ८१.०६ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.८१,५०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२४ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आवधिक योजना तयार गरेतापनि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । आवधिक योजनाका दीर्घकालीन विषयलाई समावेश गरी बजेट तथा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२५ **लक्ष्य प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची- २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले प्रगति प्रतिवेदन तयार गरेतापनि सम्बन्धित निकायमा पठाएको पाइएन । नियमावलीमा भएको व्यवस्था बमोजिम प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्दछ । पालिकाबाट प्राप्त कार्यक्रमहरूको वार्षिक प्रगति विवरण देहायबमोजिम छ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५% सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | १०० प्रतिशत सम्म |
| कार्यक्रम संख्या | १५७ | १४ | ३ | ६ | ७ | १२७ |

उपर्युक्त विवरण अनुसार पालिकाले कुल १५७ कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएकोमा १४ कार्यक्रमको प्रगति शून्य, ३ कार्यक्रमको २५ प्रतिशत, ६ कार्यक्रमको ५० प्रतिशत सम्म र १३४ कार्यक्रम को ७५ देखि १०० प्रतिशत सम्म प्रगति रहेको छ ।कार्यान्वयनयोग्य र यथार्थपरक योजना तथा कार्यक्रम छनौट गरी निर्दिष्ट समयावधिभित्र शत प्रतिशत लक्ष्य प्राप्त गरी कार्यक्रम कार्यान्वयलाई प्रभावकारी बनाउनुपर्दछ ।

२६ **वार्षिक खरिद गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस आ.व. मा पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३,२९,९८,०९३।०० खरिद तथा निर्माण कार्य गरेको छ । पालिकाले वार्षिक खरिद योजना तयार गरे तापनि खरिद गुरुयोजना तयार गरेको छैन । खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम पालिकाले खरिद गुरुयोजना बनाई खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

२७ **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले राजश्व सम्बन्धी सफ्टवेयर खरिद गरी रु.४,९३,२४५ खर्च गरेकोमा खरिद भएको सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

२८ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२९ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाइ २०७६।७७ सम्मको

मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले कार्यक्रमगत रूपमा सामान खरिद गर्दा पूर्णरूपमा रूपमा PAMS मा दाखिला नगरेको पाईयो । तसर्थ, अनिवार्य रूपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरूको मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

३० **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

३१ **खर्च विश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२५,१२,९२५.६७ राजस्व बाँडफाँड र अनुदानबाट रु.११,०७,६०,३०३.६८ समेत रु.११,३२,७३,२२९.३५ आम्दानी गरेकोमा चालु तर्फ रु.२,९६,७८,७५० र पूँजिगत तर्फ रु.६,४६,६३,४०२ समेत रु.९,४३,४२,१५२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.६६ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.१७,४४,११८ खर्च भएको छ जुन आन्तरिक आयको ६९.४ प्रतिशत रहेको छ । साथै कार्यालय सञ्चालन तथा प्रशासनिक कार्यमा रु.५,५३,७०,१८७।०० खर्च भएको छ । जुन आन्तरिक आयको २२०३% हुने देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम पुँजीगत प्रकृतिका खर्च तथा विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

३२ **अनुत्पादक खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न संस्था, गुम्बा निर्माण, सामुदायिक भवन, क्लब भवन, आमा समूह भवन जस्ता योजनाहरू अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो । कार्यालयले यस वर्ष विभिन्न पूर्वाधार योजनामध्ये निम्नलिखित १७ वटा त्यस्ता अनुत्पादक क्षेत्रका योजनामा देहाय अनुसार रु.१ करोड १९ लाख १५ हजार खर्च भएको छ। यस्ता अनुत्पादक क्षेत्रमा लगानी निरुत्साहित गरी स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरू छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

| क्र.सं. | योजनाको नाम | भुक्तानी रु. |
|---|---|---|
| १. | कागबेनी गुम्बा विद्यालयको लागि खाद्यान्न सामाग्री खरिद | ११६४००० |
| २ | जेष्ठ नागरिकलाई फाईबर सिरक वितरण ३५० थान | ४९८३३० |

| | | |
|---|---|---|
| ३ | घ्याकर समाजघर मर्मत | १४,५५,००० |
| ४ | झोङ सामुदायिक घर निर्माण | ४७४९३४ |
| ५ | कागछोदे मोनाष्ट्री फाउण्डेसन | ७७६००० |
| ६ | तेताङ समाजघर निर्माण | १४५४०१८ |
| ७ | फल्याक महिला समूह सोलार फर्निचर खरिद | ४,०५,०१८ |
| ८ | फल्याक युवा समुह सोलार खरिद | १६५००० |
| ९ | झारकोट गुम्बा निर्माण | ६७९००० |
| १० | ताङ्वे गुम्बा म्हाने निर्माण | ६७३४५२ |
| ११ | कागछोदे गुम्बा डाईनिङ हल निर्माण | ४८५००० |
| १२ | छैङ्गुर गुम्बा मर्मत | ४६३९२५ |
| १३ | झोङ छोर्तेन गुम्बा मर्मत | १९४००० |
| १४ | झोङ सामुदायिक भवन वायरिङ | ३७२०५० |
| १५ | लुप्रा गुम्बा मर्मत | २९१००० |
| १६ | ताङ्वे छोर्तेन गुम्बा मर्मत | २४२५०० |
| १७ | चैल समाजघर निर्माण | ११६४००० |
| १८ | छुसाङ यार्तुङ महोत्सव कार्यक्रम भूक्तानी | ९५८२९१ |
| जम्मा | | ११९१५५१८ |

३३ **वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसूचीमा संलग्न छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३४ **कर्मचारी प्रोत्साहन भत्ता** - सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या कानुन¬।१८।०७३।७४, चलानी नं. २१७ मिति २०७४।०१।२५ को परिपत्र अनुसार करारका कर्मचारीले पाउने सुविधा बारेमा स्पष्ट व्यवस्था गरेको छ । जस अनुसार करारका कर्मचारीले स्थानीय

भत्ता, महंगी लगायतका कुनै पनि भत्ता पाउने देखिंदैन । तर पालिकाले करारमा कार्यरत देहायका कर्मचारीलाई स्थायी कर्मचारीले पाउने स्थानीय भत्ताको ६० देखि १०० प्रतिशत सम्म प्रोत्साहन भत्ता भुक्तानी गरेको पाइयो । यसरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र विपरित हुनेगरी प्रोत्साहन भत्ता वितरण गरेको नियमसम्मत देखिएन । परिपत्रको पालना गरी करारको सेवा सुविधा भुक्तानी हुनुपर्दछ ।

| नाम थर | स्थानीय भत्ता (मासिक) | भुक्तानी रकम (रु.) |
|---|---|---|
| दिवस सापकोटा | ११२५० | १३५००० |
| पुष्पराज जोशी | ६७५० | ७४२५० |
| बिकास पाण्डे | ६७५० | ५४००० |
| सौरभ गौतम | ४४१० | ४८५१० |
| सुजा वि.क. | ३६९० | ३८४७५ |
| तारा वली | ४४१० | ५२९२० |
| दिनेश बोहरा | ४४१० | ५२९२० |
| शंकरदत्त अवस्थी | ४४१० | ५२९२० |
| सन्जिता सिन्जाली | ४४१० | ३५२८० |
| मनबहादुर सार्की | ३६९० | ४४२८० |
| आशा सिङजाली | ३६९० | २२१४० |
| कमला पाण्डे | ३६९० | २३९८५ |
| नविना वली | ३६९० | ४४२८० |
| हितमान गुरुङ | २७०० | २७००० |
| आरती आले | ३६९० | ३१३६५ |
| मनिसा जि.सी. | ३६९० | ४४२८० |
| पेमाल्हमो योल्मु | ३६९० | ४४२८० |
| बासुथकाली | ३६९० | ४४२८० |
| रोशनी नेपाली | २७०० | ३२४०० |
| अश्मी पुर्जा | २७०० | ३२४०० |
| जिग्मे घले | २७०० | १८९०० |

| | | |
|---|---|---|
| कमल बहादुर गुरुङ | २७०० | ३२४०० |
| सोनाम आङगेल गुरुङ | २७०० | ३२४०० |
| म्हेन्दो कल्हमो गुरुङ | २७०० | ३२४०० |
| शान्ति वि.क. | २७०० | ३२४०० |
| दावा गुरुङ | २७०० | ३२४०० |
| सोनी गुरुङ | २७०० | ३२४०० |
| मनकुमारी विश्वकर्मा | २७०० | ३२४०० |
| पेमा छिन्दिल गुरुङ | २७०० | १८९०० |
| छिरिङ ढोमा गुरुङ | २७०० | ३२४०० |
| छिरिङ ग्याल्बो गुरुङ | २७०० | २४३०० |

| | |
|---|---|
| अनियमित भएको | १२,५६,२६५ |

३५ **राजश्व ढिला दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । देहायबमोजिमको आम्दानी भौचर परीक्षण गर्दा पालिका तथा वडावाट संकलित राजश्व कानून बमोजिम समयमा दाखिला नगरी ३ देखि १२ महिनामा दाखिला मात्र दाखिला गरेको पाइयो । ऐनमा व्यवस्था भए बमोजिम समयमा राजश्व बैङ्क दाखिला गर्नुपर्दछ ।

| वडा नं. | जिम्मेवार कर्मचारी | राजश्व उठाएको अवधि | रकम (रु.) |
|---|---|---|---|
| ५ | विशाल रेग्मी | २०७९।८।१२देखि २०८०।१।९ सम्म | ८५०० |
| ४ | सोनाम आङग्याल गुरुङ | २०७९।१२।१९देखि २०८०।२।२६ सम्म | २०३९५ |
| गाउँपालिका | मनोज शर्मा | २०७९ भाद्रदेखि कार्तिक सम्म | ५२७५० |
| ४ | खगेन्द्र बोहोरा | २०७९श्रावण देखि असोज सम्म | १११०१२ |
| २ | कमल बहादुर गुरुङ | २०७९श्रावण देखि २०८० असार सम्म | ६७१३० |
| ३ | सरिला परियार | २०७९श्रावण देखि २०८० असार सम्म | ९८३५० |
| गाउँपालिका | मनोज शर्मा | २०७९।७।२७देखि २०८०।३।२२ सम्म | ६३६०० |

| | | | |
|---|---|---|---|
| १ | नारायण योगी | २०७९श्रावण देखि २०८० असार सम्म | १४९८२५ |
| ५ | हेमन्तकुमार शाही | २०७९श्रावण देखि २०८० असार सम्म | ८५३२४ |
| जम्मा | | | ६५६८८६ |

उपरोक्त विषयमा लेखापरीक्षणको क्रममा पालिकासँग छलफल हुँदा वडा कार्यालयमा न्यून राजश्व असुली हुने गरेको , गाउँपालिकादेखि वडा कार्यलयहरू टाढा रहेकोले पटकपटक बैङ्कमा राजश्व दाखिला गर्नका लागि समय बढी लाग्ने भएकोले ऐनले तोकेको समयमा राजश्व दाखिला हुन नसकेको र आगामी दिनमा ऐनले तोकेको मितिमा नै राजश्व दाखिला गर्ने गरी सुधार गरिने जवाफ प्राप्त भएको छ ।

३६ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ ।पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई रु.२,२१,७५०।०० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.२,२१,७५०।०० फस्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौट गर्नुपर्दछ ।

| क्र. सं. | पेस्की लिने व्यक्तिको नाम | पेस्कीको प्रयोजन | रकम रु. | म्याद नाघेको। ननाघेको |
|---|---|---|---|---|
| १ | सौरभ गौतम | घटना दर्ताको अनलाईन तालिम | १,२१,००० | म्याद नाघेको । |
| २ | समिक्षा कठायत | रेबिज रोग नियन्त्रण कार्यक्रम सञ्चालन | ७०,००० | म्याद नाघेको । |
| ३ | खगेन्द्र बोहोरा | CBIMNCI कार्यक्रम सञ्चालन | ३०,७५० | म्याद नाघेको । |

| | |
|---|---|
| पेश्की | २,२१,७५० |

३७ **खर्च शीर्षक** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार कार्यक्रम रकम खर्च गर्दा खर्चको वर्गीकरण र व्याख्या बमोजिम गरेको नपाइएकोले तोकिएको खर्च शिर्षकबाट मात्र खर्च गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

| भौचर नं. | कामको विवरण | खर्च रकम | खर्च लेखिएको शिर्षक |
|---|---|---|---|
| ३ | जनप्रतिनिधी तथा कर्मचारीको खाना खाजा खर्च | १,७५,५५० | कार्यालय सामाग्रि तथा मसलन्द |
| २१८ | श्री मुक्तिनाथ आधारभुत विद्यालय लाई डिपिआर रकम भुक्तानी | ४९०००१ | जनप्रतिनिधि तथा कर्मचारीको क्षमता |

| | | | |
|---|---|---|---|
| | | | अभिवृद्धिका लागि अवलोकन भ्रमण कार्यक्रम |
| जम्मा | | ६६५५५१ | |

३८ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूको विभिन्न स्थानमा बाटो मर्मत लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५५ जनालाई रोजगारी उपलव्ध गराई रु.२९,३९,९६८ खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३९ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

४० **कार्य सम्पन्न प्रतिवेदन पेश** - साङ्ता गाउमाँ सोलार राख्ने योजनाको लागि पालिका र बैङ्कल्पिक उर्जा प्रवर्द्धन केन्द्रबिच कुल लागत अनुमानको १० प्रतिशत पालिकाले व्यहोर्ने गरी सम्झौता भएको छ । उक्त सम्झौता अनुरूप पालिकाले भौचर नं ३५।२०८०।२।१७ बाट ए इ पि सि वाई २०७५-७६ को नाममा रु.६,२५,८६२।०० भुक्तानी दिएको छ । सम्झौताको बुँदा नं. २.५ मा केन्द्रले आयोजना सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन स्थानीय तहलाई पेश गर्नुपर्ने उल्लेख भएकोमा हालसम्म केन्द्रले कार्यसम्पन्न प्रतिवेदन पेश नगरेकोले सम्झौता अनुरूप कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२५,८६२ |

४१ **लागत साझेदारी विना भुक्तानी** - गण्डकी प्रदेशको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ अनुसार कृषि सामाग्रीको ढुवानीमा ७५ प्रतिशतसम्म अनुदान दिने व्यवस्था रहेको छ। प्राङ्गारीक मल खरिद कार्यक्रम सञ्चालनका लागि मिति २०७९।९।७ मा गाउँ कार्यपालिकाले कृषकलाई मल ढुवानीमा शत प्रतिशत अनुदान उपलब्ध गराउने निर्णय गरी रु.७,२७,२००।०० मल ढुवानी अनुदान भुक्तानी दिएको पाइयो । गण्डकी प्रदेशको अनुदान कार्यविधिको सीमामा रही गाउँ कार्यपालिकाले अनुदान वितरण सम्बन्धी निर्णय गर्नुपर्नेमा शत प्रतिशत अनुदान दिएको देखिन्छ । बढीमा ७५ प्रतिशतले हुने रु. ५,४५,४००।०० अनुदान भुक्तानी दिनुपर्नेमा प्रदेश कार्यविधिसँग बाँझिने गरी शत प्रतिशत रु ७२७२००।०० अनुदान भुक्तानी दिएकोले पालिकालाई रु.१,८१,८००।०० बढी व्ययभार परेको छ । कार्यविधिको पालना गर्नुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | १,८१,८०० |

४२ **बढी दरमा भुक्तानी** - पालिकाले २५० एम एम एच डि पि इ पि एन ६ पाइपको प्रति रनिङ मिटर दर रु.२,९९४।०० र १८० एम एम एच डि पि इ पि एन ६ पाइपको प्रति रनिङ मिटर दर रु. १५५१।०० कायम गरेको छ । भौचर नं. ७३ बाट खिङ्गा सिँचाइ कुलो मर्मत उपभोक्ता समितिलाई भुक्तानी दिँदा क्रमश रु. ४२५०।०० र रु. २२१६।०० को दरले भुक्तानी दिँदा २५० एम एम एच डि पि इ पि एन ६ को २५ रनिङ मिटरको प्रति रनिङ मिटर रु. १२५६ को रु.३१,४००।०० र १८० एम एम एच डि पि इ पि एन ६ को २५ मिटर पाइपको प्रति रनिङ मिटर बढी दर रु. ६६५।०० को बढी भुक्तानी रु.१६,६२५।०० गरी जम्मा रु.४८,०२५।०० बढी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,०२५ |

४३ **हाते वीजक** -मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को उपनियम १७ मा कुनै वस्तु वा सेवा आपुर्ति गर्दा सोही नियमावलीको अनुसूची ५ र ५(ख) बमोजिमको ढाचाँमा कर बिजक जारी गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं ३० बाट ग्लोवल कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स सेन्टर बाट रु. ८,४८,५३९।०० को ल्यापटप, प्रिन्टर र मोवाइल खरिद गरी भुक्तानी दिएको छ । आपूर्तकले जारी गरेको बीजक नं. ४७ हातले लेखिएकोले उक्त वीजकको कर समायोजन प्रमाण पेश हुनु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,४८,५३९ |

४४ **अनुगमन प्रतिवेदन पेश नभएको** - शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार मा अनुदान प्राप्त गर्ने विद्यालयहरूले तोकिएको मापदण्ड अनुसार कार्यक्रम सञ्चालन भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयहरूलाई हिमाली आवासीय छात्रवृत्ति वापतको रु.४६,००,०००।०० रकम अनुदान उपलब्ध गराएकोमा तोकिए बमोजिमको काम भए नभएको सम्बन्धमा अनुगमन प्रतिवेदन पेश नभएको हुँदा अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | विषय | निकासा रकम |
|---|---|---|---|
| १ | जनशान्ति मा वि | हिमाली आवासिय छात्रवृत्ति | ३०००००० |
| २ | जननर्मल मा वि | हिमाली आवासिय छात्रवृत्ति | १६००००० |
| जम्मा | | | ४६००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४६,००,००० |

४५ **भुक्तानीमा कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. १६५।२०७९।१२।२६ मा ललिता पौडेलको पेश्की फर्स्यौट गर्दा भुक्तानीमा नियमानुसार लाग्ने रु.६०७६ अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,०७६ |

४६ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । यस स्थानीय तहले कानुन तथा कार्यविधि बनाई रु.१७,४४,११८ प्रोत्साहन भत्ता खर्च लेखेको छ । उक्त खर्च आन्तरिक आय (रु.२५,१२,९२५।००) को तुलनामा ६९.४०% रहेको हुँदा पालिकाको आन्तरिक आयलाई समेत विचार गरी खर्च लेख्नुपर्दछ ।

४७ **बढी नापी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ख) मा सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्दछ । भौचर नं. ६९।२०८०।३।२० बाट समर खानेपानी ट्याङ्की र धारा निर्माण योजना उपभोक्ता समितिलाई रु. ७७६०००।०० भुक्तानी दिएको छ। उपभोक्ता समितिले २० एम एम को पि एन ६ को २८०० मिटर एच डि पि इ पाइप खरिद गरेकोमा नापी किताबमा ३७०० मिटर खरिद गरेको देखाई बढी ९०० मिटर (१२१.५ के जी )को प्रति के.जी. दर रु.३५१.९९ ले रु.४२७६६।०० बढी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,७६६ |

४८ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४९ **अधुरो योजना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरूको भौतिक र वित्तीय पक्षको सामुहिक समिक्षा गर्नुपर्ने र यसरी गरिने समिक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समिक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका ३ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरूको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ

| क्र. सं. | निर्माण कार्य | निर्माण व्यवसायी | संझौता मिति | सम्झौता रकम रु. | सम्पन्न गर्नुपर्ने मिति | यो वर्ष सम्मको खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १ | गाउँपालिकाको प्रशासकिय भवन | श्री गिता/श्री क्रियटिभ जे.भी | २०७६।०३।१२ | ३९००९१३८ | २०७९।१२।३० | ३१९९६२५८.६४ | ८२.०२% | १००% |
| २ | वडा नं. ५ को कार्यालय | खिङ्गा कन्सट्रक्सन प्रा.लि. | २०७९।११।२१ | ४११५०१९ | २०८०।०४।१५ | १८५०८५९.०९ | ४४.९७% | १००% |
| ३ | लुप्रा आ.वी. भवन निर्माण | हरि सि.एम जे.भी. | २०७८।११।०५ | १५४६४९८८ | २०७९।१२।३० | ११६८६४४९ | ७५.५६% | १००% |

उपर्युक्त योजनाहरूको कार्य सम्पन्न गर्नुपर्नेअवधी समाप्त भएको अवस्थामा समेत वित्तीय प्रगति क्रमसः ८२.०२, ४४.९७ र ७५.५६ प्रतिशत मात्र रहेको देखिन्छ । यस सम्बन्धमा लेखापरीक्षणको क्रममा पालिकासँग छलफल गर्दा भौतिक प्रगती शत प्रतिशत हाँसील भएको अवस्थामा समेत उक्त योजनाहरूमा बजेट प्राप्त नभएको कारण प्राविधिकले नाप जाँचगरी भुक्तानी दिन नसकेको व्यहोरा जानकारी भएको छ।

५० **टुक्रा पारी गरेको खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिका भवन निर्माण तर्फ पालिका र निर्माण व्यवसायीबीच भएको सम्झौता अनुसार रु. ३,९०,०९,१३८ ।०० मा ठेक्का व्यवस्थापन भई हाल सम्म ८२ प्रतिशत वित्तीय प्रगति भएको छ । कार्यालय भवन निर्माणमा कार्यलय परिसरकै रिटेनिङ्ग वाल, कम्पाउन्ड वाल, कम्पाउन्ड गेट लगायतका कार्य समग्र भवनको ठेक्का व्यवस्थापनमा नसमेटिएको कारणले पुन कोटेशनबाट खरिद गरेको देखिन्छ । जसले गर्दा प्रतिस्पर्धा सिमित हुने तथा प्रशासनिक लागत र समय बढ्न जाने हुन्छ। सार्वजनिक खरिद ऐन तथा नियमावली को आशय बमोजिम एउटै प्याकेजमा समावेश हुने कार्यहरूलाई टुक्रा टुक्रा नपारी समग्र ठेक्का व्यवस्थापन गर्नु पर्दछ ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान | सम्झौता रकम | भुक्तानी रकम | कार्य प्रगति |
|---|---|---|---|---|---|
| ०१/०७८/७९ | Wrok of Retaning wall of administrative office | १९९५०५१ | १९६०८०९ | १९५१८५३.५५ | work completed |
| १२/VMRM/NCB/Works/२०७९/८० | Construction of Compound Wall and Gate at administrative building | ३०००००० | २२८६८८४ | २०३५१२६.८१ | work completed |
| ०१/BMRM/NCB/W/०७५/७६ | Construction of Ofiice Bulilding | ४७१८७८८३ | ३९००९१३८ | ३२१२४४६७ | up to ७th Running Bill |
| जम्मा | | | | ३६१११४४७.४ | |

५१ **त्रुटी सच्च्याउने अवधि** - गाउपालिका र निर्माण व्यवसायी बिच भएको सम्झौताअनुसार कार्य सम्पन्न भएको १२ महिना सम्म त्रुटी सच्च्याउने अवधि रहेको र सो अवधिमा सारभूतरूपमा असर नपर्ने खालका कार्यहरू साथै निर्मित निर्माण कार्यमा कुनै क्षति भएमा सो समेत पुन निर्माण गर्नु पर्ने व्यवस्था छ । मिति २०८० श्रावण २८ मा आएको प्राकृतिक प्रकोप तथा बाढीले निम्न निर्माण सम्पन्न संरचनामा पूर्णरूपले क्षति गरेको छ । हालसम्म उक्त निर्माण कार्यको १२ महिनाको त्रुटि सच्चाउने अवधि रहेकोले उक्त निर्माण कार्यको विमा सदुपयोग गरी निर्माण व्यवसायी मार्फत पालिकाले क्षतिग्रस्त संरचना पुन निर्माण तथा सम्पन्न गर्नु पर्दछ ।

| कामको विवरण | सम्झौता रकम (रु.) | भुक्तानी रकम (रु.) |
|---|---|---|
| ढलनिर्माण कागवेनी | ४८१३९४२ | ३६३२७८४ |
| झोङ्गसिचाई आयोजना कागवेनी | ३५००००० | २५७२३५४ |

यस विषयमा कार्यालयसँग मस्यौदा छलफल हुँदा बीमा रकम असुली प्रकृयाको लागि निर्माण व्यवसायीलाई पत्राचार गरिने जवाफ प्राप्त भएको छ ।

५२ **प्रकोप व्यवस्थापन तर्फ** - सार्वजनिक निकायबाट प्रदान गरिएको अनुदानको पूर्ण उपयोग भएको सम्वन्धमा अनुगमन गर्नु पदर्छ ।गाउँपालिकाले प्रकोप व्यवस्थापन अन्तर्गत वडा कार्यालयको सिफारिशको आधारमा बिभिन्न व्यक्ति तथा समुहलाई रु.८,९८,०००।०० बराबरको तार जाली तथा ग्याविन वितरण गरेको देखियो। तसर्थ वितरण गरिएका ग्याबिन लायतका सामाग्रिहरूको प्रयोगको अवस्था सम्वन्धमा पालिकाबाट अनुगमन हुनुपर्दछ साथै यस प्रकारका वितरणमुखि कार्यक्रम भन्दा दिर्घकालिन योजना तयार गरी प्रकोप व्यवस्थापनलाई सहयोग पुर्याउने खालको कार्यक्रमहरू सञ्चालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५३ **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम** - राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माण तर्फ यस पालिका अन्तर्गत श्री जननर्मल माध्यमिक विद्यालय छुसाङ्ग, मुस्ताङ्ग ४ कोठे भवन निर्माणको लागि रु. ५५,००,०००।०० वजेट निकासा भएकोमा रु. ५४,९७,८९९।०० लागत अनुमान मध्ये रु. ४३,२८,९८०।०० ठेक्का सम्झौता भै रु. ४२,२५,१२९।०० को कार्य सम्पन्न भएको तथा रु. १२,७४,८७१।०० बजेट फिर्ता गएको देखिन्छ । निर्माण व्यवसायी श्री एस एण्ड एस सँग मिति २०७९।११।२५ मा रु सम्झौता अनुसार मिति २०८०।३।१० मा प्राविधिक बाट कार्य सम्पन्न प्रतिवेदन सहित कार्य सम्पन्न भएको अवस्थामा समेत विद्यालयको स्थलगत निरीक्षण गर्दा २/२ कोठे २ तले भवनको झ्याल र ढोका लगायत माथिल्लो तलामा वाल समेत निर्माण बाँकी रहेको देखिन्छ साथै निर्मित भवनको अधुरो संरचनाले गर्दा उक्त भवन प्रयोग गर्न नसकिएको अवस्था छ । यस सम्बन्धमा पालिका तथा विद्यालय व्यवस्थापनको भनाई अनुसार शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय, केन्द्रिय आयोजना ईकाई काठमाडौंले तयार गरेको ड्रईङ्ग डिजाईन अनुसार संरचना निर्माण गर्नु पर्ने अवस्था र सो अनुसारको डिजाईनमा उपलव्ध बजेट बमोजिम लागत ईष्टिमेट तयार गर्नु परेकोले बजेट अपुगको कारण अधुरो संरचना निर्माण हुन पुगेको बिषय जानकारी प्राप्त भएको छ । यसरी सरकारी संरचना निर्माण योजनाको भौतिक र वित्तीय पक्षको सामुहिक समिक्षा गर्नुपर्ने र यसरी गरिने समिक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समिक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख

गर्नुपर्दछ।साथै अधुरो भवन संरचनालाई सम्बन्धित निकाय तथा पालिकाले समेत वजेट निनियोजन गरी प्रयोग योग्य बनाउन आवश्यक छ ।

५४ **सक्कल बीजक -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । गो. भौचर नं. ५।२०७०।६।०४ बाट गलेश्वर हार्डवेयर एण्ड सम्लायर्स लाई सिमेन्ट तथा रड खरिद बापत कर बिजक नं. ०३, रकम रु. १,६८,९८७।५० भुक्तानी गरेकोमा सक्कल बीजक पेश भएको नभएको हुँदा सक्कल बीजक पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६८,९८७.५ |

५५ **फरक सामग्रीको प्रयोग** - पालिकाले आर्थिक वर्ष २०७९।८० का लागि OPC सिमेन्टको मूल्य अभिवृद्धि कर सहितको प्रतिवोरा दर रु ७८७ ।०० र PPC सिमेन्टको प्रतिवोरा दर रु. ६८५।०० कायम गरेको छ । OPC सिमेन्ट प्रयोग गर्ने गरी दर विश्लेषण गरि सोही अनुसार देहायका भौचर बाट देहायका उपभोक्ता समितिलाई भुक्तानी दिएतापनि उपभोक्ता समितिले खरिद गरेका विल भर्पाइ परीक्षण गर्दा PPC सिमेन्टको प्रयोग भएको पाइयो । यसरी फरक सिमेन्टको प्रयोग गर्दा प्रतिवोरा बढी दर रु.१०२।०० को दरले बढी भुक्तानी दिएको असुल हुनुपर्दछ ।

| भौ.नं. | उपभोक्ता समिति | प्रयोग भएको परिमाण (बोरा ) | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| २३ | श्री मुक्तिनाथ आ वि | ६५ | १०२ | ६६३० |
| ४१ | कागवेनी वस्ती संरक्षण | १०० | १०२ | १०२०० |
| ७७ | झारकोट गुम्बा पूर्वाधार निर्माण | १४३ | १०२ | १४५८६ |
| जम्मा | | | | ३१४१६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,४१६ |

५६ **उपभोक्ता समिति मार्फत खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट सामान खरिद गर्न सक्ने व्यवस्था रहेको देखिदैन । पालिकाले देहायका सामानहरू खरिद गर्नका लागि मात्र उपभोक्ता समिति गठन गरी सोही समितिमार्फत खरिद गरी सोही समितिलाई भुक्तानी गरेको पाइयो । खरिद गरिएको उक्त जिन्सी सामान जिन्सी खातामा दाखिला गरेको पाइएन । तसर्थ उपभोक्ता समितिमार्फत खरिद गर्न मिल्ने नदेखिएको रु.

| भौ.नं. | उपभोक्ता समिति | खरिद सामान | खरिद रकम |
|---|---|---|---|
| ६१ | फल्याक युवा क्लव खेल मैदान निर्माण उ स | सोलार सेट | १६५००० |
| ९१ | सोलार वाटर हिटर जडान उ स | सोलार र हिटर | २५८९४७ |
| जम्मा | | | ४२३९४७ |

| | |
|---|---|
| अनियमित भएको | ४,२३,९४७ |

५७ **बढी भुक्तानी** - पालिकाले ७५*७५ एम.एमको फेन्सिङ जालीको प्रति वर्गमिटर दर रु. ५७५ कायम गरेको छ । देहायका भौचरबाट उपभोक्ता समितिलाई भुक्तानी दिँदा प्रति वर्गमिटर दर रु.६०१।०० ले भुक्तानी दिँदा प्रति वर्गमिटर बढी दर रु.२६ ले देहायबमोजिम परिमाणको बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ।

| भौ.नं. | उपभोक्ता समिति | परिमाण | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| ८९ | झोङ बाली संरक्षण तारजाली निर्माण योजना | ५९४ | २६ | १५४४४ |
| जम्मा | | | | १५४४४ |

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-५ मा पुटाक खेतवारीमा तारजाली निर्माण योजना उ स को रु.२८,३१४ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,४४४ |

५८ **परामर्श तथा डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| भौ.नं. | कार्यविवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्यनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १७९ | घ्यातंगथाङ्गामा सिँचाई योजना | एडन इन्जिनियरिङ सोलुसन | ९९९२३४ | ९९५५३० | ४९८३१०८९ |
| २१८ | मुक्तिनाथ आ वि | सिभिल वर्क कन्सल्टेन्सी | | ४९०००१ | ९५०९३३०६ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।साथै यसरी अध्ययन प्रतिवेदन तयार भएको मध्ये मुक्तिनाथ आ वि को आयोजना कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

५९ **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने र नियम ८४ मा रु २० लाख सम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने र नियम ३१ मा रु.२० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा जुनसुकै सेवा खरिद

गर्नु पर्दा खुला बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले पटक पटक गरी एकै प्रकृतिको खरिद गरेको देखिन्छ । प्याकेज तयार गरी प्रतिष्पर्धात्मक विधिबाट खरिद नगरिएको देहायको रकम नियमसम्मत देखिएन ।

| भौ.नं. | आपूर्तक | खरिद | रकम |
|---|---|---|---|
| ६ | न्यू क्रियशन सप्लायर्स | प्रिन्टर | २४२४९८ |
| १२ | धौलागिरी मेशिनरी एण्ड टुल्स सप्लायर्स प्रालि | सोलार | ३५५१६८ |
| १३ | सन टेक्नोलोजी | सिसिटिभी | ७९२९२१ |
| १४ | हिमालय छुल्टिम कार्पेट इन्डष्ट्रिज | कार्पेट | ४६७००० |
| १७ | रेसिका ट्रेड सर्कल प्रालि | ल्यावका सामग्री | ६९९३९६ |
| १८ | पीक प्रमोसन ट्रेडिङ प्रालि | विपद सामग्री | ८३९५५६ |
| ३० | ग्लोवल कम्प्युटर एण्ड इलेक्ट्रोनिक सेन्टर | ल्यापटप प्रिन्टर | ८४८५३९ |
| ४० | पाथिभरा ट्रेडिङ कन्सर्न प्रालि | पशु सर्जिकल सामान | ६५३७२२ |
| ४३ | हल्मो फर्निचर उद्योग | फर्निचर | २२६९९९ |
| ७० | न्यू क्रियशन सप्लायर्स | ल्यापटप प्रिन्टर | १७४५३० |
| जम्मा | | | ५३००३२९ |

| | |
|---|---|
| अनियमित भएको | ५३,००,३२९ |

६० **टुक्रा पारी गरेको खरिद -** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नहुने तथा नियम ८४ मा रू. १० लाख देखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रचलित कानुनी व्यवस्थाको पालना नगरी एउटै प्रकृतिको कामलाई निम्नानुसार २ टुक्रा परी गरेको खरिद कारबाही गरेको नियमसम्मत देखिएन । खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुर्दछ ।

| भौचर नं. | मालसमान खरिदको विवरण | आपुर्तक | रकम रु. |
|---|---|---|---|
| १६३ | कार्यालय सामाग्री खरिद | अफिस समान सप्लायर्स | ९७१५२१ |
| २७७ | कार्यालय समाग्री खरिद | धौलागिरि अफसेट प्रेस | ४२४२५८ |

| | |
|---|---|
| अनियमित भएको | १३,९५,७७९ |

६१ **हेभी इक्वीपमेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू देहाय बमोजिम रहेका छन । नियमाबलीको ब्यबस्था अनुरूप कार्य गराउनुपर्दछ ।

| भौ.नं. | उपभोक्ता समिति | प्रयोग भएको हेभी इक्वीपमेन्ट | कार्यसम्पन्न रकम | हेभी इक्वीपमेन्ट खर्च |
|---|---|---|---|---|
| १० | एक्ले भट्टे पाक्लिङ पक्की पुल पारी एप्रोज रोड | एक्जाभेटर | २६७९४३९ | २६७९४३९ |
| ५३ | झोङको घ्यु ल्हामा मोटरबाटो निर्माण उ.स. | एक्जाभेटर | ५५१७२२ | ५५१७२२ |
| ५९ | झोङ भ्यू टावर बाटो निर्माण | एक्जाभेटर | ५५९३५० | ४७६५१५ |

६२ **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू देहाय बमोजिम रहेका छन् :

| भौ.नं. | उपभोक्ता समिति | निर्माण भएको संरचना | कार्यसम्पन्न रकम | भूक्तानी |
|---|---|---|---|---|
| १५ | झोङ सामुदायिक भवन निर्माण उ स | भवन | ५४०२५० | ४७४९३४ |
| २३ | मुक्तिनाथ आ वि भवन | भवन | १७५८८८३ | १४५५००० |
| ३८ | कागछोदे मोनाष्ट्रि फउन्डेसन | भवन | ८५६३४० | ७७६००० |
| ४५ | घ्याकर समाजघर मर्मत | भवन | १६१५२७७ | १४५५००० |
| ६० | तेताङ समाजघर निर्माण | भवन | १६०१०८४ | १४५४०१८ |

६३ **मूल्य अभिवृद्धि करकट्टी** - मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.१,३३,१२६।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्दछ ।

| भौ.नं. | आपूर्तक | मु.अ.कर बाहेकको रकम | मु.अ.क. | ३०प्रतिशत | स्थायी लेखा नं |
|---|---|---|---|---|---|
| १३ | सनटेक्नोलोजी | ७०१७०० | ९१२२१ | २७३६६ | ६०५७२४९४१ |
| १७ | रेसिकाट्रेड सर्कल प्रालि | ६९१३९६ | ७९५४१ | २३८६२ | ६०९६८९७०५ |
| १८ | पीकप्रमोसन ट्रेडिङ प्रालि | ७४२९७० | ९६५८६ | २८९७६ | ५००१७५८०८ |
| ४० | पाथीभराट्रेडिङ कन्सर्न प्रालि | ५९१८४६ | ६१८७६ | १८५६३ | ६१०१९५७२३ |
| १७९ | एडनइन्जिनियरीङ सोलुसन | ८८१००० | ११४५३० | ३४३५९ | ६०६८३४३८४ |
| जम्मा | | ३६०८९१२ | ४४३७५४ | १३३१२६ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३३,१२६ |

६४ **सामाजिक सुरक्षा** -

६४.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले निम्नानुसार ३ बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। यस वर्ष पालिकाले सामाजिक सुरक्षातर्फ रु.२,०६,१०,३१४ खर्च गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहायअनुसार रहेको छन्ः

६४.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम कार्यविधि, २०७७ को दफा ३४ बमोजिम स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सामाजिक सुरक्षा भत्ता सम्बन्धी विषयको सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यविधि अनुसार सार्वजनिक सुनुवाई गरेको पाइएन । कार्यविधिको व्यवस्था पालना गरी सामाजिक सुरक्षा सम्बन्धी विषयको सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।

६४.३ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(१) बमोजिम स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रूपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतको सञ्चार माध्यमहरूबाट प्रचारप्रसार गर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको कार्य गरेको पाईएन । कार्यालयले कार्यविधिको पूर्ण पालना गर्नुपर्दछ।

६४.४ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमित रूपमा अनुगमनको व्यवस्था रहेको छ । सो बमोजिम पालिकाले लाभग्राहीले पाउनु पर्ने भत्ता रकम अन्य व्यक्तिले लिए नलिएको, कसैले दोहोरो हुने गरी र लाभग्राही मृतक भई बैङ्क खातामा बांकी रहेको रकमको फिर्ता भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । जसले गर्दा सामाजिक सुरक्षा भत्ता रकमको दुरूपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउदैं तोकिए बमोजिम भत्ता वितरण र मुत्यु भएकाको लगत कट्टा गरी अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखिन्छ ।

६५ **पाठ्यपुस्तकमा बढी निकासा** - नमुना छनोटको आधारमा देहायबमोजिमका विद्यालयहरू छनोट गरी हेर्दा IEMIS विवरणमा भएको विद्यार्थी भन्दा कम विद्यार्थीले बुझेको भरपाई पेश भएको हुदा IEMIS अनुसार पाठ्यपुस्तकको रकम विद्यालयहरूलाई बढी निकासा भएकोले असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | कक्षा | हाजिरी भएको विद्यार्थी संख्या | इमिसमा भएको विद्यार्थी संख्या | बढी | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| जन शान्ति मा वि | १० | ८ | ११ | ३ | ९१९ | २७५७ |
| | ८ | १० | १६ | ६ | ८८७ | ५३२२ |
| | ५ | ११ | २५ | १४ | ६४० | ८९६२ |
| | २ | ७ | १३ | ६ | ५५६ | ३३३६ |
| **जम्मा** | | | | | | **२०३७७** |
| जननर्मल मा वि | ५ | १० | १७ | ६ | ६४० | ३८४१ |
| | १० | ३ | ८ | ५ | ९१९ | ४५९५ |
| **जम्मा** | | | | | | **८४३६** |
| कुल जम्मा | | | | | | २८८१३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,८१३ |

६६ **शिक्षा तर्फ बढी निकासा -** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार विद्यालयले त्रैमासिक रूपमा नियमानुसार आवश्यक तलब भत्ता स्थानीय तहमा माग गर्ने र सोही आधारमा स्थानीय तहले विद्यालयलाई निकासा दिने व्यवस्था रहेको छ। देहायबमोजिमका विद्यालयले पालिकामा पेश गरेको माग फारममा उल्लेखित रकम भन्दा बढी रकम निकासा गरेको हुदा बढी निकासा रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ ।

| विद्यालयको नाम | शिक्षकको नाम | माग गरेको रकम | निकासा गरेको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| जनशान्ति मा वि (चौथो त्रैमासिक) | मिलन मजाकोटी | ८९६२९ | १३२२४० | ४२६११ |
| जननर्मल मा वि (प्रथम त्रैमासिक) | उमाकान्त अधिकारी | १७७४९३ | २२४६९३ | ४७२०० |
| जननर्मल मा वि (प्रथम त्रैमासिक) | मोहनलाल थकाली | १९६३६१ | २००५०५ | ४१४४ |
| लुप्रा आ.वि | हिरा प्रसाद बँडु | ४४४४० | ५१९१६ | ३०२२ |
| जम्मा | | | | ९६९७७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९६,९७७ |

६७ **दिवा खाजामा बढी भुक्तानी** - शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार विद्यालयले दिवा खाजा वापतको रकम भुक्तानी दिँदा IEMIS मा उल्लेख भएको विद्यार्थी संख्या यकिन गरी विद्यालयले प्रमाणित गरी पेश गरेको हाजिरीको आधारमा विद्यालयलाई भुक्तानी दिनुपर्ने व्यवस्था छ ।नमुना छनोटको आधारमा देहायबमोजिमका विद्यालयहरूलाई दिवा खाजामा दिएको भुक्तानी परीक्षण गर्दा IEMIS विवरणमा उल्लेख भएको विद्यार्थी संख्याभन्दा कम हाजिरी प्रमाणित भई आएको अवस्थामा समेत पालिकाले IEMIS मा उल्लेख भएको विद्यार्थी संख्याको आधारमा विद्यालयहरूलाई निकासा दिएको छ । विद्यार्थी विद्यालयमा उपस्थित नभएको अवधिको समेत दिवा खाजा भुक्तानी दिएको देहायको रकम असुल हुनुपर्दछ ।

| विद्यालयको नाम | कक्षा | हाजिरी भएको विद्यार्थी संख्या | इमिसमा भएको विद्यार्थी संख्या | बढी | दर | दिन | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| जनशान्ति मा. वि. | १० | ८ | ११ | ३ | १५ | १८० | ८१०० |
| | ८ | १० | १६ | ६ | १५ | १८० | १६२०० |
| | ५ | ११ | २५ | १४ | १५ | १८० | ३७८०० |
| | २ | ७ | १३ | ६ | १५ | १८० | १६२०० |
| **जम्मा** | | | | | | | **७८३००** |
| जननर्मल मा. वि. | ५ | ११ | १७ | ६ | १५ | १८० | १६२०० |
| | १० | ३ | ८ | ५ | १५ | १५० | १३५०० |
| जम्मा | | | | | | | २९७०० |
| कुल जम्मा | | | | | | | १०८००० |

| असुल गर्नुपर्ने | १,०८,००० |
|---|---|

६८ **बढी ग्रेड भुक्तानी** - निजामती कर्मचारीहररुको तलव भत्ता भुक्तानी गर्दा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गरेको तलवी प्रतिवेदनका आधारमा गर्नु पर्दछ । स्वास्थ्य तर्फका देहायबमोजिमका कर्मचारीहरूको तलवभत्ता भुक्तानी गर्दा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित भएको तलवी प्रतिवेदनमा उल्लेखित ग्रेड भन्दा बढी ग्रेड समावेश गरी भुक्तानी गरेको देखियो । पारित तलबी प्रतिवेदनमा उल्लेख भएको भन्दा बढी ग्रेड भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

| कर्मचारीको नाम पद | भुक्तानी हुनुपर्ने ग्रेड | भुक्तानी भएको ग्रेड | बढी ग्रेड | महिना | जम्मा १० प्रतिशत कं स कोष | जम्मा भुक्तानी |
|---|---|---|---|---|---|---|
| अहेव तारानाथ अधिकारी | ५४८५ | ७६७९ | २१९४ | १३ | २८५२ | ३१३७४ |
| अहेव ढोका गुरुङ | ४३८४ | ६५७६ | २१९४ | १३ | २८५२ | ३१३७४ |
| अनमी दिपा कुँवर | ३२९१ | ५४८५ | २१९४ | १३ | २८५२ | ३१३७४ |
| जम्मा | | | | | | ९४१२२ |

| असुल गर्नुपर्ने | ९४,१२२ |
|---|---|

६९ **सामाजिक परीक्षण प्रतिवेदन** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानमा स्थानीय तहले विद्यालय सञ्चालनको अवस्था यकिन गरी विद्यालयहरूले पेश गरेको सामाजिक परीक्षण प्रतिवेदनका आधारमा विद्यालयलाई सामाजिक परीक्षण वापतको एकमुष्ठ रकम अनुदान दिने व्यवस्था रहेको छ। पालिकाले देहायबमोजिमका विद्यालयलाई सामाजिक परीक्षण प्रतिवेदन विना देहायको अनुदान निकासा दिएकोमा हालसम्म उक्त प्रतिवेदन पेश भएको पाइएन । कार्यान्वयन पुस्तिकाको व्यवस्था बमोजिम विद्यालयहरूबाट सामाजिक परीक्षण प्रतिवदेन पेश हुनुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | निकासा रकम (रु.) |
|---|---|---|
| १ | जनशान्ति मा.वि. | १५००० |
| २ | जननर्मल मा.वि. | १५००० |
| ३ | लुप्रा आ.वि. | १०००० |
| ४ | मुक्तिनाथ आ.वि. | १०००० |
| | जम्मा | ५०००० |

| प्रमाण पेश नगरेको | ५०,००० |
|---|---|

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

**आर्थिक वर्षः** २०७९/८०

**कार्यालय र स्थान :** वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, मुस्ताङ ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | होम बहादुर थापा मगर | २०८०-२-३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | जित बहादुर राना | २०७८-१२-११ | २०७९-१२-२७ |
| लेखा प्रमुख | अमृत प्रसाद रेग्मी | २०७६-८-१९ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९४७,८८९ | ८,५५८,१२० | ६,४२६,५१४.५ | ० | ० | २२१,७५० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रु.** | | | | | १६,१५४,२७३.५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २८,३१४ |
| **संपरीक्षणबाट थप भएको बेरुजु रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रु.** | | | | | १६,१२५,९५९.५ |

आर्थिक कारोबारको स्थिति :

| गत वर्षको जिम्मेवारी | | १२४०२४६६७.७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १७६१७९६६४ | चालु खर्च | १३०७५७४७९ |
| प्रदेश सरकारबाट अनुदान | १२६३५१२५ | पुँजीगत खर्च | १३७३६४२९५ |
| राजश्व बाँडफाँट | ३९४०५५१४.६८ | वित्तीय/अन्य व्यवस्था | ६६४४४८२०.५१ |
| आन्तरिक आय | २५१२९२५.६७ | | |
| अन्य आय | ३८८८९४४६.०५ | | |
| कुल आय | २६९६२२६७५.४ | कुल खर्च | ३३४५६६५९४.५१ |
| बाँकी मौज्दात | | ५९०८०७४८.५९ | |

## बेरूजु दफा ३३ सँग सम्बन्धित विवरण - अनुसूची -२

| | आय | | | | व्यय | | |
|---|---|---|---|---|---|---|---|
| **क्र. सं.** | **आय स्रोत** | **रकम** | **जम्मा** | **क्र. सं.** | **बजेट खर्च** | **रकम** | **जम्मा** |
| १ | **बैङक मौज्दात अ ल्याः-** | | | १ | **चालु खर्च खाता जोर वर्ष** | | |
| | **क. मुल संचित कोष खाता** | | | | क.गत आ ब को दायित्व बजेट ख उ शि | १२४२८३५४ | |
| | सुरु मौज्दात | २७८६५५५७९.७ | | | ख. वारागुङ मुक्तिक्षेत्र गा पा बजेट ख उ शि | ६०४७३३५९.२६ | |
| | चालु आ ब मा चालु तथा पुजिगत बिजोर खर्च खाताबाट फिर्ता | ९०७०७२५२ | | | ग. संघीय सरकार बाट हस्तान्तरित कार्यक्रम ब ख उ शि | ५७८५५७६५.५६ | **१३०७५७४७९** |
| | गत आ ब को म्यानुअल खर्च फिर्ता | १९५१८५३ | १२०५२४६८४.७ | २ | **पुँजीगत खर्च खाता जोर वर्ष** | | |
| | **ख. बिबिध खर्च खाता** | ५४१०० | ५४१००. | | क.गत आ ब को दायित्व | ४५६४७१२२ | |
| | **ग. धरौटी खाता** | २५२३८५३ | २५२३८५३. | | ख. वारागुङ मुक्तिक्षेत्र गा पा | ६५११६८८९.७ | |
| | **घ. प्रकोप ब्यबस्थापन खाता** | ९२२०३० | ९२२०३०. | | ग. संघीय सरकार बाट हस्तान्तरित कार्यक्रम | १८५१४२८३ | |
| | | | | | घ. प्रदेस समपुरक अनुदान | ३०८६००० | |
| २ | **संघीय सरकार बाट प्राप्त** | | | | ङ.प्रदेस विशेष अनुदान | ५०००००० | **१३७३६४२९५** |
| | क. संघीय वित्तीय समानिकरण अनुदान | ६६८०५६६४ | | ३ | **ससर्त अनुदान फिर्ताः-** | | |
| | ख. संघीय ससर्त चालू अनुदान | ७९७२४००० | | | क. संघीय ससर्त अनुदान चालु फिर्ता | २१८६८२३४.४४ | |
| | ग. संघीय ससर्त पुँजीगत अनुदान | १९६५०००० | | | ख. संघीय ससर्त र विशेष अनुदान पुजिगत फिर्ता | १११३५७१७ | **३३००३९५१.४४** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ. संघीय ससर्त विशेष अनुदान | १०००००००० | १७६१७९६६४ | ४ | **प्रकोप ब्यबस्थापन खर्च खाता** | ७२६५७२१ | ७२६५७२१ |
| ३ | **प्रदेस सरकार बाट प्राप्त** | | | ५ | **बिबिध खर्च खाता** | ३१९७७२८ | ३१९७७२८ |
| | क.गण्डकी प्रदेस वित्तीय समानिकरण अनुदान | ४५४९१२५ | | ६ | **धरौटी फिर्ता** | ७४३३५८ | ७४३३५८ |
| | ख.गण्डकी प्रदेस समपुरक अनुदान पुँजीगत | ३०८६००० | | ७ | **भु आदेस मार्फत खर्चः-** | | |
| | घ. गण्डकी प्रदेस विशेष अनुदान पुँजीगत | ५०००००० | १२६३५१२५ | | क. सामाजीक सुरक्षा भत्ता | २०६१०३१४ | |
| ४ | **राजस्व बाँडफाँड प्राप्त** | | | | ख. प्रदेस सामाजीक बिकास मन्त्रालय | ३३१८७५० | २३९२९०६४ |
| | क. संघीय सरकार बाट प्राप्त | ३५४६२३५७.६८ | | ८ | **साट्न बाकी चेकहरुः** | | |
| | ख. प्रदेस सरकारबाट प्राप्त | ३९४३१५७ | ३९४०५५१४.६८ | | क. चालु खर्च खाता जोर वर्ष | १२७८०७२ | |
| ५ | **आन्तरिकराजस्व खाताबाट आम्दानी ( मालपोत समेत)** | २५१२९२५.६७ | **२५१२९२५.६७** | | ख. पुजिगत खर्च खाता जोर वर्ष | ४१७९२९ | **-१६९६००१** |
| ६ | **प्रकोप ब्यबस्थापन कोष खाता आम्दानी** | ७४९१००० | ७४९१००० | ९ | **बैङक मौज्दात (अन्तिम )** | | |
| ७ | **धरौटी प्राप्त** | २६६२६६६ | २६६२६६६ | | क. मुल संचित कोष खाता | ५१८२८८३८.५९ | |
| ८ | **विविध खर्च खाता आम्दानी (आइटी तलब र जनसहभागिता)** | ४८०५०६८ | ४८०५०६८ | | ख. प्रकोप व्यवस्थापन खाता | ११४७३०९ | |
| ९ | **भु आदेस मार्फत आम्दानीः-** | | | | ग. बिबिध खर्च खाता | १६६१४४० | |
| | क. संघीय सामाजीक सुरक्षा | २०६१०३१४. | | | घ. धरौटी खाता | ४४४३१६१ | **५९०८०७४८.५९** |
| | ख. प्रदेस शिक्षा सं वि प्र तथा सामाजिक विकास मन्त्रालय | ३३१८७५०. | २३९२९०६४. | १० | मुलकोष खाता आइ बैङक शुल्क | १००० | १००० |
| १० | **खर्च खातामा पेस्की फिर्ता** | १६४८ | १६४८ | | | | |
| | **जम्मा** | **३९३६४७३४३** | **३९३६४७३४३** | | | **३९३६४७३४३** | **३९३६४७३४३** |